बबई गाउँपालिकाको तेह्रौं गाउँसभामा

उपाध्यक्ष श्री बम कुमारी खड्का द्धारा प्रस्तुत

आर्थिक बर्ष २०८०।०८१ को

# बजेट तथा कार्यक्रम

बबई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ

लुम्बिनी प्रदेश, नेपाल

बबई गाउँपालिकाको  आर्थिक बर्ष २०८०।०८१ को बजेट बक्तव्य

आदरणीय गाउँ सभाका सभाध्यक्ष ज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

- स्थानीय तह निर्वाचन, २०७९ पछि स्थानीय सरकारको दोस्रो कार्यकालको दोश्रो वर्षमा बबई गाउँपालिकाको तेह्रौ गाउँसभाको यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८०।०८१ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु।
- यस अवसरमा म मुलुकको राजनीतिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि जिवन वलिदान गर्नु हुने सम्पुर्ण ज्ञात/अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु। साथै विभिन्न लोकतान्त्रिक आन्दोलनका घाईते योद्धा, अपांग, वेपत्ता नागरिक र तिनका परिवारहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।
- शान्ति, समृद्धि र विकासको लक्ष हासिल गर्नको लागि संघीय संरचना अन्तर्गतको स्थानीय तह जनताको निकट र प्रत्यक्ष सम्पर्कमा रहेको सरकार भएकाले त्यस प्रति जनअपेक्षा वढि हुनु स्वाभाविक हो। त्यसैले जनअपेक्षा अनुरुप नीति निर्माण गरि समाजमा रहेका विभिन्न विभेद र असमानताका अवशेषहरुलाई अन्त्य गर्दै समावेशिताको आधारमा संवृद्धिको लक्ष्य हासिल गर्ने र बढदो वैदेशिक रोजगार प्रतिको आकर्षणलाई निरुत्साही गर्न स्वदेशमै रोजगार निर्माण गर्नु गराउने चुनौती तथा दायित्व आज स्थानीय तहको सामु देखा परेको छ। यस चुनौतीलाई आत्मसाथ गर्दै लक्ष्य हासिल गर्न शिक्षा, राजनिती, सामाजिक संस्कार आर्थिक अनियमितता र नीतिगत जटिलतामा व्यापक संसोधन र सुदृढिकरण गर्न सके मात्र हाम्रो समृद्धिको यात्रा अघि वढ्न सक्छ। त्यसर्थ समृद्ध बबई गाउँपालिकाको आकांक्षा पुरा गर्न “हाम्रो उत्पादन हाम्रो वजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार” भन्ने दिर्घकालिन लक्ष्यका साथ यस अघि प्रस्तुत भएका नीति तथा कार्यक्रम भित्र केन्द्रित रहेर यो बजेट निर्माण गरिएको छ।

**आदरणीय गाउँ सभाका सभाध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

- दाङ जिल्लाको पश्चिम भेगमा रहेको यस बबई गाउँपालिका प्रचुर सम्भावना बोकेको गाउँपालिका हो। कृषि, पशुपालन, वन-जंगल, नदिनाला, पर्यटन, उद्योग, कलकारखाना आदिको सम्भावनाहरु बोकेको यस गाउँपालिकाले आफ्ना श्रोत र सम्भावनाहरुको प्रभावकारी ब्यबस्थापन र परिचालन मार्फत् समृद्धि हासिल गर्ने दिशामा अग्रसर हुनु आजको आबश्यकता हो।यस बबई गाउँपालिकाको बिकास र समृद्धिको अभियानमा गाउँ कार्यपालिका र आम नागरिकको एक्यबद्धता र सहकार्यको जरुरी

छ। तसर्थ, बबई गाउँपालिकाले प्रस्तुत गरेको बजेटको प्रभावकारी कार्यान्वयन बाट आम नागरिकका अपेक्षाको सम्बोधन गर्न कार्यान्वयनका चरणमा नागरिकहरुको साथ सहयोग र हौसलाको अपेक्षा गरिएको छ। यसका साथै सम्पूर्ण राजनीतिक दल, बुद्धिजीबि, समाजसेवी, विभिन्न पेशा ब्यबसायी, पत्रकार तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी समेतको सकारात्मक सहयोग रहने छ भन्ने बिश्वास लिइएको छ। प्रचुर सम्भावना र अबसर बोकेको गाउँपालिका हुदाहुदै पनि हाम्रा सामु देहाय बमोजिमका चुनौती तथा अबसरहरु रहेका छन्।

अबसरहरुः-

- आर्थिक रुपमा सक्रिय जनसंख्याको अनुपात उल्लेख्य मात्रामा रहेको।
- बबई गाउँपालिकामा कृषि उत्पादनका लागि उर्बर जमिन रहेको।
- पशुपालन ब्यबसायीको प्रसस्त सम्भावना रहेको छ।
- वनजंगल, खानी, जैबिक विविधता एवं भौगोलिक सुन्दरता जस्ता प्राकृतिक श्रोत साधनहरु रहेका।
- पुरन्धारा झरना, धागे छहरा, रातापैरे, चिसापानी मन्दिर, गौरीशंकर शिबालय मन्दिर जस्ता पर्यटकीय स्थलहरु रहेका।
- किसानहरुले बैज्ञानिक एवं ब्यबसायिक कृषि प्रणाली अबलम्बन गरिरहेका।
- गाउँपालिका क्षेत्रमा साना, मझौला तथा ठूला उद्योग ब्यबसायमा लगानी कर्ताको आकर्षण बढ्दै गएको।
- संबिधानबाट नै स्थानीय तहको अधिकारको सुनिश्चतता भएको।
- आम नागरिकमा परिबर्तित राजनीतिक संरचना र शासकीय स्वरुप प्रति आस्था र बिश्वास बृद्धि हुदै गएको।

चूनौतीहरुः-

- सामाजिक, आर्थिक साँस्कृतिक असमानताको न्यूनीकरण गरी समतामुलक समाजको निर्माण गर्ने।
- गाउँपालिका क्षेत्रमा रोजगारीका अबस्था सिर्जना गर्ने।
- निर्बाहमुखी कृषि प्रणालीलाई रुपान्तरण गरी प्रतिष्पर्धी एवं ब्यबसाय उन्मुख गराउने।
- स्थानीय उद्योगधन्दा बिस्तार मार्फत् गरिबीको न्यूनीकरण गर्ने।
- मदिरा तथा लागुऔषध दुब्र्यसन, बिक्री बितरण न्यूनीकरण गरी सभ्य र अनुशासित जनशक्ति निर्माण गर्ने।
- वैदेशिक रोजगारीमा पलायन हुने युबाको दरलाई कम गरि स्थानिय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गर्ने।
- बढ्दो रुपमा युबाहरुमा रहेको दुब्र्यसन र कुलतलाई न्यूनिकरण गर्दे बिभिन्न सिपमुलक तथा सशक्तिकरण कार्यक्रम सञ्चालनमा जोड गर्ने।

बजेटका उद्देश्यहरुः-

- नागरिकमा सीप र सशक्तिकरण कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने।
- बिभिन्न कार्यक्रम मार्फत नागरिकलाई सरकारको पँहुचमा पुर्याउने ।
- समाजमा रहेको असमानता, बेरोजगारी, अन्याय र विभेदलाई अन्त्य गरि सामाजिक न्याय सहितको समृद्धी हासिल गर्ने।
- कृषि र पशु ब्यबसायलाई बिस्तार गरि उत्पादन बढाई आत्मनिर्भर नागरिक निर्माण गर्ने।
- सूचना र सञ्चार प्रबिधिको प्रयोग गरि नागरिकलाई सहज र सरल रुपमा सेवा प्रबाह गर्ने।
- स्थानिय श्रोत साधन, प्रबिधिको बिस्तारीकरण र प्रयोगलाई जोड दिई स्थानिय मौलिकपनको बिकास र सम्बोधन गर्ने।
- खेलकुद र योगको माध्यमबाट स्वस्थ र अनुशासित नागरिक निर्माण गर्ने।
- गुणस्तरिय शिक्षाको प्रत्याभुति हुने गरि शैक्षिक सुधार गर्ने।
- स्थानीय स्तरमा साना तथा मझौला उद्योगधन्दा मार्फत गाउँपालिकामा रोजगारी सिर्जना गर्ने।
- अर्थतन्त्रको पुनरुत्थान गर्न आर्थिक गतिबिधी एवं बिकास निर्माणका कार्यक्रमलाई तीब्रता दिने।
- राज्यको लोक कल्याणकारी भूमिकालाई सुदृढ बनाउने, सामाजिक सुरक्षा एवं संरक्षण प्रदान गर्ने र सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने।
- स्वास्थ्य सेवामा सर्बसाधारणको पहुँच बढाउने।
- कृषि क्षेत्रको सुधार गरी अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बढाउने।
- अधुरा आयोजनाहरु यथासिघ्र सम्पन्न गर्ने।
- बिकासका पूर्बाधारहरुको निर्माण र सबलीकरण गर्ने।

**माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय बमोजिमका प्राथमिकता निर्धारण गरिएको छ।**

- कृषि क्षेत्रको आधूनिकीकरण तथा ब्यबसायीकरण।
- कृषि तथा पशुपंक्षी व्यवसायमा लगानी केन्द्रीत
- गुणस्तरिय पूर्बाधार निर्माण।
- बजेट तथा कार्यान्वयनमा क्षमता अभिवृद्धि
- जीवन उपयोगी एवं सीपयुक्त शिक्षाका लागि पूर्बाधारमा लगानी।
- संघ र प्रदेश संग समन्वय र सहकार्य मार्फत् सन्तुलित बिकास।
- सबै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक बिकास र बिकासका प्रतिफलमा न्यायपूर्ण पहुँच।
- उत्तरदायी शासकीय ब्यबस्था, सुशासन र सेवा प्रबाहमा प्रभावकारीता।
- लक्षित वर्ग एवंम उत्पादनमा अनुदानको व्यवस्थापन गर्ने।

- राष्ट्रिय स्तरका विविध खेलका विधाहरुको पुर्वाधार विकास गर्ने।
- पालिकाका हरेक वडामा योगा तथा ध्यान केन्द्रहरुको पुर्वाधार निर्माण गर्ने।
- आन्तरिक राजश्व वृद्धिका लागि पार्दशिता अवलम्वन गर्ने।

**सुधारका पक्षः**

- विनियोजन बजेट कार्यान्वयनमा प्राथमिकता दिइने छ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाई कर्मचारी र सेवाग्राहीको बीचमा समधुर सम्बन्ध स्थापना गरिनेछ।
- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरिनेछ।
- गुणस्तरिय पूर्वाधार विकासलाई जोड दिईने छ।
- नागरिकको गुणस्तरिय स्वास्थ्य सेवाको पहुँजलाई जोड दिईनेछ।
- सडक, विद्यालय, स्वास्थ्य सेवा लगायतका आवश्यक विकास पुर्वाधारको नक्साङ्कन गरी सोका आधारमा बहुसंख्यक जनता लाभान्वित हुने गरि आयोजनाको छनौट र कार्यान्वयन गरिनेछ।
- आयोजनाको अनुगमन पुन तालिम सुधार गरि नतिजामा आधारित बनाईनेछ, अनुगमन समितिले दिएको सुझाव तथा मार्गदर्शनलाई कार्यान्वयन गरिनेछ।
- शिक्षक र विद्यार्थी सेवाको अनुपातको अध्ययन गरि विद्यालय मर्ज र दरवन्दी मिलान गरिनेछ।
- राजश्व संकलनमा प्रभावकारिता ल्याउन नागरिकलाई सीप, श्रम तथा व्यापार व्यवसायीकको क्षमता अभिवृद्धि गरिएको छ।
- बढ्दो रुपमा युबाहरुमा रहेको दुर्व्यसन र कुलतलाई न्यूनिकरण गर्दे बिभिन्न सिपमुलक तथा सशक्तिकरण कार्यक्रम सञ्चालनमा जोड दिईने छ ।
- अर्थतन्त्रको पुनरुत्थान गर्न आर्थिक गतिबिधी एवं बिकास निर्माणका कार्यक्रमलाई जोड दिईने छ ।
- मदिरा तथा लागुऔषध दुर्व्यसन, बिक्री बितरण न्यूनीकरण गरी सभ्य र अनुशासित जनशक्ति निर्माण गरिने छ ।
- साना तथा मझौला उद्योगधन्दा मार्फत गाउँपालिकामा रोजगारी सिर्जना गरिने छ।

**आदरणीय आदरणीय गाउँ सभाका सभाध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

अब म बबई गाउँपालिकाको विद्यमान आर्थिक अबस्था र चालु आर्थिक वर्षको वर्षको वजेट कार्यान्वयन समिक्षा सङक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- चालु आर्थिक वर्षमा कुल प्रस्तावित आय रु ५३ करोड ६४ लाख ६८ हजार जस मध्ये प्राप्त भएको बजेट रु ४३ करोड ५ लाख ७६ हजार अर्थात ८०.२९% रहेको छ भने प्राप्त हुन बाँकी रु १० करोड ५८ लाख ९१ हजार अर्थात १९.७४% रहेको छ ।
- चालु आर्थिक वर्षमा संघिय प्रस्तावित आय रु ३२ करोड ८२ लाख ७७ हजार रहेको छ । जस मध्ये वास्तबिक प्राप्त आय रु २९ करोड २८ लाख २५ हजार अर्थात ८४.६४% रहेको छ भने प्राप्त हुन बाकी रु ३ करोड ५४ लाख ११ हजार अर्थात १०.८% रहेको छ ।
- चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट प्राप्त हुने प्रस्तावित आय रु ३ करोड ९० लाख ५१ हजार रहेको छ।जस मध्ये प्राप्त भएको बजेट रु ३ करोड ३० लाख ५३ हजार अर्थात ८०.२९% रहेको छ भने प्राप्त हुन बाकी रु ५९ लाख ९७ हजार अर्थात १४.६३% रहेको छ ।

- चालु आर्थिक वर्षमा राजश्व बाडफाड अन्तरगत कुल प्रस्तावित आय रु ११ करोड ६० लाख ९२ हजार रहेको छ । जस अन्तरगत वास्तबिक प्राप्त आय रु ६ करोड १० लाख ३० हजार अर्थात ५२.५८% रहेको छ भने प्राप्त हुन बाकी रु ५ करोड ५० लाख ५४ हजार अर्थात ४७.४२% रहेको छ ।
- चालु आर्थिक वर्षमा  यस बबई गाउँपालिकाको आन्तरिक तर्फ कुल प्रस्तावित आय रु ५ करोड ३० लाख ४८ हजार रहेको छ । जस अन्तरगत वास्तबिक प्राप्त आय रु ४ करोड ३६ लाख ५९ हजार अर्थात ८२.८% रहेको छ भने प्राप्त हुन बाकी रु ९३ लाख ८८ हजार रहेको छ।

**गाउँ सभाका सभाध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

अब म यस बबई गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को अनुमानित आय बिबरण प्रस्तुत गर्दछु।

- बबई गाउँपालिकालाई संघीय सरकार मार्फत् बित्तीय समानीकरण अनुदान रु. ९ करोड ९९ लाख, राजश्व बाँडफाडबाट रु. १० करोड १ लाख ७८ हजार, वन रोयल्टी रु. ५ लाख ५० हजार, सशर्त अनुदान रु. १९ करोड, बिशेष अनुदान रु. १ करोड प्राप्त भएको छ।
- प्रदेश सरकारबाट बित्तीय समानीकरण अनुदान रु. ७१ लाख ९० हजार, प्रदेश राजश्व बाँडफाड रु. ४३ लाख ६७ हजार, प्रदेश सशर्त अनुदान रु.१ करोड १ लाख ५० हजार, प्रदेश समपुरक अनुदान रु. १ करोड प्राप्त भएको छ।
- आन्तरिक आय तर्फ रु. १ करोड ५० लाख, स्थानिय बाडफाड  रु. ५० लाख अनुमान गरिएको छ भने चालु आर्थिक बर्षबाट बचत हुने रु. २ करोड अनुमान गरेको छु। यसरी आगामी आर्थिक बर्ष

२०८०।०८१ को बबई गाउँपालिकाको अनुमानित कुल आय रु.४७ करोड ८४ लाख ३५ हजार २१ रुपैया मात्र प्रक्षेपण गरिएको छ।

- राजश्व परामर्श समितिको बैठक बसी आर्थिक बर्ष २०८०।०८१ का लागि सबै करका दरहरुमा सामान्य हेरफेर गरिएको छ।साथै उपभोक्ता समिति मार्फत् सञ्चालन हुने आयोजनाहरुको हकमा कुल बजेटको दश प्रतिशत रकम जनसहभागीताबाट ब्यहोर्ने ब्यबस्था गरिएको छ।

आदरणीय गाउँ सभाका सभाध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु,

अब म, आर्थिक बर्ष २०८०।०८१ को अनुमानित ब्यय बिबरण प्रस्तुत गर्दछु।

- बबई गाउँपालिकाको दैनिक कार्य सञ्चालन तथा अन्य प्रशासनिक कार्य, पदाधिकारी तथा कर्मचारीहरुको तलब/भत्ता लगायतका चालु खर्चमा रु. ८ करोड १२ लाख २२ हजार विनियोजन गरेको छु। संघ तथा प्रदेश सरकारबाट पूर्बाधार बिकास, शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा महिला बिकास, उर्जा, बाताबरण, श्रम तथा रोजगारी, यूवा तथा खेलकुदका लागि तय भई आएका सशर्त अनुदान तथा बिशेष अनुदान रकम सोही रुपमा खर्च गर्ने गरी बिनियोजन गरेको छु।

- माथि उल्लेखित प्राथमिकता तथा बिषय क्षेत्रका आधारमा आर्थिक बर्ष २०८०।०८१ का लागि बजेट प्रस्तुत गर्न चाहन्छु।
- बबई गाउँपालिकाबाट आर्थिक बिकास अन्तर्गत कृषि विकास शाखाका लागि रु.४० लाख, पशुपंक्षी विकास शाखाका लागि रु.२५ लाख, लगायत कृषि तथा पशु विकासलाई प्राथमिकतामा राखी प्रत्येक वडामा समेत आवश्यक रकम रकम बिनीयोजन गरिएको छ।
- बबई गाउँपालिकाको सामाजिक बिकास अन्तर्गत सर्शत अनुदान वाहेक शिक्षा तर्फ रु २ करोड , स्वास्थ्य तर्फ रु. १ करोड, महिला तथा वालवालिका तर्फ रु. २० लाख, खेलकुद तर्फ रु.१५ लाख, न्यायिक समिति तर्फ रु.१० लाख, बजेट बिनीयोजन गरिएको छ ।
- आ.व. २०८०।०८१ का लागि वडागत रुपमा रु. ६५ लाख ५० हजार र थप ३ वटा वडाहरु वडा नं. ४ ५ र ७ लाई नदीजन्य पदार्थको राजश्व संकलनको अनुपातमा बाडफाड हुने गरि थप रु. ९ लाख ८९ हजार वजेट सिमा भित्र रहि योजना तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ।
- विपद् व्यवस्थापन कोष तर्फ १५ लाख विनियोजन गरिएको छ।
- सवल अर्थतन्त्रको आधार, भौतिक पूर्बाधार भन्ने अबधारणा अनुरुप बबई गाउँपालिकाको पूर्बाधार बिकासका लागि सडक, पुल, सिचाई, खानेपानी, तटवन्ध लगायतका कार्यका लागि ५ करोड ५० लाखको सिमा भित्र रहि आवश्यक रकम बिनियोजन गरिएको छ।

- "हाम्रो उत्पादन हाम्रो बजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार" को दिर्घकालिन सोंचलाई सार्थकता दिनका लागि कृषि तथा पशु विकासका कार्यक्रमहरुलाई प्राथमिकता दिई रकम विनियोजन गरिएको छ। उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम, एक वडा एक उद्योग, सुत्केरी पोषण उत्प्रेरणा कार्यक्रम, विद्यालयहरुलाई ग्रिन, क्लीन, पिस र सेफ, जेष्ठ नागरिक आँखा उपचार कार्यक्रम, घरेलु तथा लैंगिक हिंसा विरुद्धका कार्यक्रम, दलित आदिवासी जनजाती आदीका कार्यक्रम, विद्युत विस्तार कार्यक्रम, फोहोरमैला व्यवस्थापन कार्यक्रम, महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन कार्यक्रम लगायतका कार्यक्रममा आवश्यक रकम विनियोजन गरिएको छ।

आदरणीय गाउँ सभाका सभाध्यक्ष ज्यू,

सभाका सदस्य ज्यूहरु,

- यो बजेट तथा कार्यक्रममा चाहदा चाहदै पनि धेरै योजना तथा कार्यक्रमहरु समेट्न सकिएको छैन। एकातिर नागरिकका असिमित आबश्यकता र चाहना अर्कोतिर उपलब्ध श्रोत र साधनको सिमितताका बाबजुद सबै क्षेत्र र भुगोललाई समेट्ने गरी यो बजेट प्रस्तुत गरेको छु। सबै अपेक्षाहरु पूरा गर्न सकिएको छैन। यद्यपी आगामी दिनमा नागरिकका बृहत्तर हितलाई ध्यानमा राखेर कार्य गर्न बबई गाउँपालिका सधै प्रयत्नशील रहने छ भन्ने विश्वास दिलाउन चाहन्छु।

अन्त्यमा, आर्थिक बर्ष २०८०।०८१ को गाउँपालिकाको बार्षिक बजेट तर्जुमा गर्ने सन्दर्भमा सल्लाह, सुझाव, मार्गदर्शन तथा सहयोग पुर्‍याउनु हुने गाउँपालिकाका अध्यक्ष ज्यू, सम्पूर्ण वडाका वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, समाजसेवी, बुद्धिजीबि, गैरसरकारी सस्था, सुरक्षा निकाय, पत्रकार एवं आम बबई गाउँपालिका बासी लगायत प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुर्‍याउनु हुने सबैमा हार्दिक धन्यबाद दिन चाहन्छु।

बजेटको सफल कार्यान्वयनका लागि सबै पक्षको साथ, सहयोग र सहकार्य रहने छ भन्ने अपेक्षा गरेको छु।

**धन्यबाद।**

श्री बम कुमारी खड्का

(उपाध्यक्ष)

मितिः- २०८०।०३।१०